# कवि रोहिणीविलास लुइटेलका प्रकाशित काव्य कृतिहरूको अध्ययन र विश्लेषण

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय महेन्द्ररत्न बहुमुखी क्याम्पस इलाम नेपाली विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनको लागि प्रस्तुत

## शोध पत्र


**शोधार्थी**

टेकनाथ बराल

परीक्षा रोल नं.- १००३१/२०६४/६६

महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाम

नेपाली विभाग



२०६७

# शोध निर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाम नेपाली विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो बर्ष दशौं पत्रको प्रयोजनका लागि शोधार्थी टेकनाथ बराललले "कवि रोहिणीविलास लुइटेलका प्रकाशित काव्य कृतिहरूको अध्ययन र विश्लेषण" शीर्षकको प्रस्तुत शोध-पत्र मेरो निर्देशनमा परिश्रमपूर्वक तयार पार्नु भएको हो । निरन्तर प्रयत्नका साथ शोधखोज र अध्ययन गरी तयार पारिएको यस शोध-पत्रप्रति म पूर्ण सन्तुष्ट छु । यो शोध पत्र आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाम, नेपाली विभाग समक्ष पेश गर्न सिफारिस गर्दछु ।

.....................................

शोध निर्देशक (बुद्धिप्रसाद घिमिरे)
सह-प्राध्यापक
महेन्द्ररत्न बहुमुखी क्याम्पस
इलाम
नेपाली विभाग

मितिः २०६७/१२/२७

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत महेन्द्ररत्न बहुमुखी क्याम्पस इलाम स्नातकोत्तर तह, दोस्रो वर्षको नेपाली विषयको दसौं पत्रको प्रयोजनका लागि शोधार्थी टेकनाथ बरालद्वारा तयार गरिएको प्रस्तुत “कवि रोहिणीविलास लुइटेलका प्रकाशित काव्य कृतिहरूको अध्ययन र विश्लेषण” शीर्षकको शोध-पत्रलाई सोही प्रयोजनका लागि स्वीकृत गरिएको छ ।

| सह- प्रा. बुद्धिप्रसाद घिमिरे | ............................ | सह- प्रा. बुद्धिप्रसाद घिमिरे |
|---|---|---|
| विभागीय प्रमुख | वाह्य परीक्षक | शोध निर्देशक |

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोध-पत्र मैले त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत महेन्द्ररत्न बहुमुखी क्याम्पस इलामको नेपाली विभाग स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि आदरणीय गुरु सह-प्रा. श्री बुद्धिप्रसाद घिमिरेको कुशल निर्देशनमा तयार पारेको हुँ । आफ्नो अति नै कार्य व्यस्तताको वावजुद पनि पर्याप्त समय दिई शोध प्रस्तावलाई स्वीकृति प्रदान गरी प्रतिवेदन तयार गर्नका लागि सही मार्ग दर्शन गर्नु हुने विभागीय प्रमुख समेत रहनु भएका शोध निर्देशक श्रद्धेय गुरु श्री बुद्धिप्रसाद घिमिरेज्यूबाट अत्यन्तै प्रभावित भएको छु । शोधनायकसँग प्रत्यक्ष भेटघाट एवं कुराकानीको लागि मिलाई दिनुभएको वातावरण एवं सामग्री सङ्कलनका लागि गर्नुभएको सहयोगप्रति अति आभारी छु । उहाँको उल्लेखनीय सल्लाह, सुझाव, सहयोग र कुशल मार्गनिर्देशनमा नै यो शोध पत्र तयार गर्न सफल भएको हुँ ।

आफ्नो शारीरिक अस्वस्थता र व्यस्तताका बीचमा पनि समय उपलब्ध गराई आवश्यक सामग्री र सल्लाह, सुझाव दिनु हुने शोध नायक श्री रोहिणीविलास लुइटेल एवं उहाँको परिवारलाई हार्दिक धन्यवाद दिन चाहन्छु । साथै सफलताको कामना गर्नुहुने 'मोती समस्या पूर्ति प्रकाशन समितिका' सचिव श्री गोपीकृष्ण खनालप्रति पनि आभारी छु । पुस्तक उपलब्ध गराई सहयोग गर्नुभएकोमा तेह्रथुम बुक्सका टङ्क धमलाप्रति पनि आभारी छु ।

मलाई सधैं सुमार्ग देखाउँदै आइपर्ने विविध अप्ठ्यारा र कठिनाइहरूको सामना गर्दै मेरो अध्ययनका लागि मरिमेट्ने पुजनीय बुबा-आमा नेत्रप्रसाद बराल र देवीमाया बरालप्रति आजीवन ऋणी छु । साथै यस शोधकार्य सफल बनाउन घरायसी वातावरणलाई सहज वनाई सहयोग पुऱ्याई दिएकोमा जीवनसाथी बालिका, भाइहरू नारायण र लोकेश, छोरीहरू मञ्जिला र प्रतीक्षा पनि धन्यवादका पात्र छन् । त्यस्तै सामग्री संकलनको क्रममा भुल्नै नसक्ने सहयोग पुऱ्याउनु हुने काका जगन्नाथ बराल, भतिजी माया गौतम र दाई पुण्यप्रसाद बराललाई पनि धन्यवाद दिन्छु । आदरणीय दाइ हिमाल तिमल्सिनाले शोध पत्र टङ्कण गर्न साधन उपलब्ध गराई दिनु भएकोमा उहाँ प्रति पनि आभारी छु । दिनरात खटी टङ्कण गर्ने न्यू ताप्लेजुङ्ग छापाखानाका डी.वी. तामाङ र कमलामाई प्रिन्टिङ्ग सलुसन,इलामका भाउजू सुधा दाहाललाई विशेष धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा, यस शोध-पत्रलाई मूल्याङ्कनको लागि त्रिभुवन विश्वविद्यालय महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाम नेपाली विभाग समक्ष प्रस्तुत गर्दछु ।

मितिः-२०६७/१२/२७


...............................

टेकनाथ बराल
परीक्षा रोल नं.-१००३१
क्या. रोल. नं.- ९/२०६४/६६



शोध नायक श्री रोहिणीविलास लुइटेल

कवि रोहिणीविला लुइटेल, उनको निवास र परिवारका सदस्यहरूका तस्बिरहरू



युवा अवस्थामा
शोधनायक



शिक्षण सेवाबाट अवकाश हुनु पूर्व
शोधनायक



वि.सं. २०२९ मा निर्मित शोधनायकको निवास (कालिस्थान, शनिश्चरे-३, झापा)



पुत्रीद्वय: प्रियम्बदा र कादम्बरी



छोरा/बुहारी: डिल्लीरमण र सृजना

# शोधसार

शोधशीर्षक : कवि रोहिणीविलास लुइटेलका प्रकाशित काव्यकृतिहरुको अध्ययन र विश्लेषण ।

शोधनिर्देशक : वृद्धिप्रसाद घिमिरे सह-प्राध्यापक, विभागीय प्रमुख, नेपाली विभाग, महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाम ।

शोधार्थी : टेकनाथ बराल

शोधप्रयोजन : त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली विभाग महेन्द्ररत्न बहुमुखी क्याम्पस इलामको स्नातकोत्तर तहको दोस्रो वर्ष दशौं पत्रको प्रयोजनका लागि ।

शैक्षिक सत्र : २०६४-२०६६

प्रस्तुत मिति : २०६७/१२/२७

यस शोध-पत्रलाई जम्मा पाँच परिच्छेदमा बाँडिएको छ । पहिलो परिच्छेदमा 'शोध परिचय' राखिएको छ । यस परिच्छेदभित्र शोधशीर्षक, शोध प्रयोजन, शोधपरिचय, समस्याकथन, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधविधि, शोधको औचित्य, शोधको सीमाङ्कन, शोधपत्रको रूपरेखा जस्ता शीर्षकमा चर्चा-परिचर्चा गरिएको छ ।

त्यसै गरी दोस्रो परिच्छेदमा रोहिणीविलास लुइटेलको जीवनी एवं व्यक्तित्व राखिएको छ । यसभित्र लुइटेलको परिचय, पृष्ठभूमि, वाल्यकाल, अक्षरारम्भ र शिक्षा-दीक्षा, वैवाहिक सम्बन्ध र सन्तति राखिएको छ । लुइटेलको साहित्य सिर्जनामा प्रेरणा, प्रारम्भ र परिवेशको पनि चर्चा गरिएको छ । त्यस्तै विविध विधाका सर्जक भएका हुनाले कथाकार रोहिणीविलासका कथाहरूको प्रवृत्ति र शैलीको पनि यसमा समीक्षा गरिएको छ र निष्कर्ष पनि प्रस्तुत गरिएको छ साथै निबन्धकार व्यक्तित्व भएका हुनाले लुइटेलको 'अपराजेय कताक्ष' को प्रवृत्ति र विषयवस्तुमा सामान्य चर्चा गरिएको छ । समालोचक व्यक्तित्व, सम्पादक व्यक्तित्व, स्तम्भकार व्यक्तित्व, अनुवादक व्यक्तित्व, शिक्षक व्यक्तित्व र विभिन्न संस्थामा संलग्न व्यक्तित्वको चर्चा पनि गरिएको छ । कवि व्यक्तित्वको पनि यसै परिच्छेदमा चर्चा गरिएको छ ।

यस शोधपत्रको तेस्रो परिच्छेदमा कविता सिद्धान्त र रोहिणीविलास लुइटेलको काव्य यात्राको चरण विभाजन गरिएको छ । जसभित्र कविता सिद्धान्त, कविताको व्युत्पत्ति सम्बन्धी पूर्वीय र पाश्चात्य विद्वान्का मत एवं पूर्वीय, पाश्चात्य र नेपाली विद्वानका कविता सम्बन्धी परिभाषा

समेत उल्लेख गरिएको छ। विषयवस्तु, भाव विधान, लयविधान, बिम्ब-प्रतीक, अलङ्कार, छन्द विधान र भाषाशैलीको चर्चा गरिएको छ। त्यसपछि आधुनिक नेपाली कवितामा रोहिणीविलास लुइटेल, नेपाली कविताको विकास क्रमलाई बिभिन्न विद्वान्हरूको वर्गीकरण र त्रि.वि. नेपाली पाठ्यक्रमले समेटेको आधारमा नेपाली कविताको विकासक्रमलाई प्राथमिककाल, माध्यमिक काल र आधुनिक कालमा विभाजन गरी राखिएको छ। त्यसपछि आधुनिक नेपाली कविताको क्षेत्रमा कवि रोहिणीविलास लुइटेलको आगमन र स्थान निर्धारण गर्न उनको हालसम्मको काव्य यात्रालाई काव्य प्रवृत्ति र भावको आधारमा तथ्यपरक विश्लेषण गर्दै ३ चरणमा विभाजन गरिएको छ।

त्यसै गरी चौथो परिच्छेदमा कवि लुइटेलका पुस्तकाकार रूपमा प्रकाशित काव्य कृतिहरू र जुहीमा प्रकाशित खण्डकाव्यहरूको कवितात्मक तत्वका आधारमा समीक्षात्मक पद्धतिबाट तथ्यपरक विश्लेषण गरिएको छ। यसभित्र भुमरी (शोककाव्य) २०३७, मेरो मानस (कविता संग्रह) २०५०, तीन तारा हिमाली (खण्डकाव्य) २०५४, जुहीमा प्रकाशित आमा छोरी (खण्डकाव्य) २०६६ र चूडामणिश्री (खण्डकाव्य) २०६६ को शीर्षक, संरचना, विषयवस्तु, भावविधान, लयविधान, बिम्ब-प्रतीक, अलङ्काकार र छन्द विधान र भाषाशैली उप शीर्षक राखी उदाहरण दिंदै समीक्षात्मक विश्लेषण प्रस्तुत गरिएको छ। त्यस्तै कवि लुइटेलका दुई अनुदित कृतिहरू हाल प्राप्त नभएकाले परिचय मात्र दिइएको छ।

त्यसै गरी यस शोधपत्रको पाँचौं परिच्छेदमा उपसंहार एवं निष्कर्ष प्रस्तुत गरिएको छ।

यस शोधपत्रको अन्त्यमा शोधपत्र तयार पार्दा सन्दर्भ सामग्रीको रूपमा लिएका सन्दर्भ सामग्रीहरूको सूची : सन्दर्भ ग्रन्थ सूची दिइएको छ। त्यसपछि परिशिष्ट क, ख, ग, घ र ङमा कवि लुइटेलले प्राप्त गरेका प्रमाण-पत्र, प्रशांसा-पत्र, सम्मान-पत्र, पुरस्कार-पत्र, समर्पण-पत्रहरूका साथै कवि र उनको परिवारका सदस्यहरूका तस्वीरहरू क्रमशः राखिएको छ।

# विषय सूची

| शीर्षक | | पेज नं. |
|---|---|---|

## परिच्छेद-एक

| | | |
|---|---|---|
| १. | शोध परिचय | १ |
| १.१ | शोध शीर्षक | १ |
| १.२. | शोध प्रयोजन | १ |
| १.३. | शोध परिचय | १ |
| १.४. | समस्याकथन | १ |
| १.५. | शोधको उद्देश्य | २ |
| १.६. | पूर्व कार्यको समीक्षा | २ |
| १.७ | शोध विधि | २ |
| १.८. | शोधको औचित्य | २ |
| १.९. | शोधको सीमाङ्कन | ३ |
| १.१०. | शोधपत्रको रूपरेखा | ३ |

## परिच्छेद : दुई

| | | |
|---|---|---|
| २. | रोहिणीविलास लुइटेलको जीवनी एवं व्यक्तित्व | ४ |
| २.१. | परिचय | ४ |
| २.१.१. | पृष्ठभूमि | ५ |
| २.१.२. | वाल्यकाल र चूडाकर्म (व्रतवन्ध) | ६ |
| २.१.३. | अक्षरारम्भ र शिक्षा दीक्षा | ७ |
| २.१.४. | वैवाहिक सम्वन्ध र सन्तति | ८ |
| २.१.५. | साहित्य सिर्जना : प्रेरणा, प्रारम्भ र परिवेश | ८ |
| २.२. | विविध विधाका सर्जकका रूपमा | १३ |
| २.२.१. | कथाकारका रूपमा रोहिणीविलास लुइटेल | १३ |
| २.२.२. | रोहिणीविलास लुइटेलका कथा | १४ |
| २.२.३. | प्रवृत्ति एवं शैली : रोहिणीविलासका कथामा | १५ |
| २.२.४. | निवन्धकार व्यक्तित्व | २२ |

२.२.५. निवन्ध : विभिन्न विद्वानका भनाइमा २३
२.२.६. रोहिणीविलासका निवन्ध २४
२.२.७. समालोचकका रूपमा रोहिणीविलास २७
२.२.८. सम्पादकका रूपमा रोहिणीविलास लुइटेल २७
२.२.९. स्तम्भकार व्यक्तित्व २८
२.२.१०. अनुवादक व्यक्तित्व २८
२.२.११. शिक्षक व्यक्तित्व २८
२.२.१२. विभिन्न संस्थामा संलग्न व्यक्तित्व २८
२.२.१३. कवि व्यक्तित्व ३०

## परिच्छेद तीन

३. कविता सिद्वान्त ३२
३.१. कविताको व्युत्पति सम्वन्धी पूर्वीय मत ३२
३.२. कविताको व्युत्पत्ति सम्वन्धी पाश्चात्य मत ३२
३.३. कविताको परिभाषा ३३
३.३.१. पूर्वीय विद्वान्का परिभाषा ३३
३.३.२. पाश्चात्य विद्वान्का परिभाषा ३४
३.३.३. नेपाली विद्वान्का परिभाषा ३५
३.४ कविताका तत्वहरू (काव्य तत्वहरू) ३६
३.४.१. शीर्षक ३६
३.४.२. संरचना ३७
३.४.३. विषयवस्तु ३७
३.४.४. भावविधान ३८
३.४.५. लय विधान ३८
३.४.६. विम्ब, प्रतीक र अलङ्कार ३९
३.४.७. भाषा शैली ३९
३.५. आधुनिक नेपाली कवितामा रोहिणीविलास लुइटेल ३९
३.५.१. नेपाली कविताको विकासक्रम ४०
३.५.२. प्राथमिक काल (१८२६-१९४०) ४१
३.५.३. माध्यमिक काल (१९४१-१९७४) ४३

३.५.४. आधुनिक काल (१९७५-हाल सम्म) ४३
३.५.५. आधुनिक नेपाली कविताको क्षेत्रमा कवि रोहिणीविलास लुइटेलको आगमन र स्थान ४७
३.५.६. कवि रोहिणीविलास लुइटेलको काव्य यात्रा ४९

## परिच्छेद चार

४. कवि रोहिणीविलास लुइटेलका काव्य कृतिहरुको विश्लेषण ५३
४.१. भुमरी (शोककाव्य) २०३७ ५३
४.१.१. शीर्षक ५३
४.१.२. संरचना ५४
४.१.३. विषयवस्तु ५४
४.१.४. भुमरी भित्र भावविधान ५५
४.१.५. लय विधान ६१
४.१.६. बिम्ब-प्रतीक, अलङ्कार र छन्द विधान ६२
४.१.७. भाषाशैली ६३
४.२. मेरो मानस (कविता सङ्ग्रह २०५०) ६४
४.२.१. शीर्षक ६५
४.२.२. संरचना ६५
४.२.३. विषयवस्तु ६६
४.२.४. भावविधान ७१
४.२.५. लयविधान ७६
४.२.६. बिम्ब-प्रतीक, अलङ्कार र छन्दविधान ७८
४.२.७. भाषाशैली ८०
४.३. तीन तारा हिमाली ८१
४.३.१. शीर्षक ८२
४.३.२. संरचना ८२
४.३.३. विषयवस्तु ८३
४.३.४. भावविधान ८५
४.३.५. लय विधान ८९
४.३.६. बिम्ब-प्रतीक, छन्द र अलङ्कार विधान ९०
४.३.७. भाषाशैली ९१

४.४. आमा छोरी ९२
४.४.१. शीर्षक ९२
४.४.२. संरचना ९२
४.४.३. विषयवस्तु ९३
४.४.४. भावविधान ९३
४.४.५. लय विधान ९५
४.४.६. अलङ्कार, बिम्ब-प्रतीक एवं छन्द विधान ९६
४.४.७. भाषा शैली ९७
४.५. चूडामणिश्री ९८
४.५.१. शीर्षक ९८
४.५.२. संरचना ९८
४.५.३. विषयवस्तु ९८
४.५.४. भावविधान १००
४.५.५. लयविधान १०२
४.५.६. छन्द, बिम्ब-प्रतीक र अलङ्कार विधान १०३
४.५.७. भाषा शैली १०३
४.६. श्रीलङ्का सङ्कल्प १०३
४.७. जापान शब्दचित्र काव्य १०४
४.८. साहित्यकार रोहिणीविलास लुइटेलले प्राप्त गरेका पुरस्कार तथा सम्मानहरू १०४

## परिच्छेद- पाँच

उपसंहार एवं निष्कर्ष १०६
भावी कार्यको सम्भावना ११३
सन्दर्भ सूची ११४
परिशिष्टहरू
प्रमाण-पत्र, प्रशंसा-पत्र, सम्मान-पत्र, पुरस्कार-पत्र र समर्पण-पत्रहरू क-ङ
तस्वीरहरू च

# संङ्क्षेपीकरण प्रयोग

| संङक्षिप्त | विस्तारित रूप |
|---|---|
| वि.स. | विक्रम सम्बत् |
| प. | पण्डित |
| वडा न.. | वडा नम्बर |
| एस.एल.सी | स्कूल लिविङ सर्टिफिकेट |
| मा.वि. | माध्यमिक विद्यालय |
| सम्पा | सम्पादन |
| डा. | डाक्टर |
| मि. | मिटर |
| नं. | नम्बर |
| पृ. | पृष्ठ |
| एफ.एम. | फ्रिक्वेन्सी मोडिल्युसन रेडियो |
| प्रलेस | प्रगतिशील लेखक संघ |
| उ.मा.वि. | उच्च माध्यमिक विद्यालय |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| प्रा. | प्राध्यापक |
| प्रा.डा. | प्राध्यापक डाक्टर |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| एम. ए. | मास्टर अफ् आर्ट्स |